Caritas Nepal

Growing Together in Solidarity

Vacancy for Volunteer

स्वयंसेवी मनोसामाजिक परामर्शदाता

(Volunteer Psychosocial Support Counsellor)

कारितास बारे :

कारितास नेपाल एक गैरनाफामूलक संस्था हो, जसले जात, वर्ग, जातीयता, धर्म वा राष्ट्रियताको भेदभाव नगरी गरिब, विपन्न, अवसरबाट वञ्चित तथा सीमान्तकृत समुदायका व्यक्तिहरूको सेवामा समर्पित रही कार्य गर्दै आएको छ । सन् १९९० मा विनाशकारी बाढी तथा प्राकृतिक विपद्को प्रतिक्रियास्वरूप क्याथोलिक चर्चद्वारा स्थापना गरिएको कारितास नेपालको उद्देश्य एक शान्तिपूर्ण, समतामूलक तथा न्यायपूर्ण समाजको निर्माण गर्नु हो, जहाँ आपसी एकता, सहकार्य र मानविय मर्यादाको सम्मानलाई प्राथमिकता दिइन्छ ।

संस्थाले सामाजिक न्याय, सामुदायिक विकास, विपद् जोखिम व्यवस्थापन, दिगो जीविकोपार्जन, आप्रवासी तथा शरणार्थीहरूको सहयोग, मानव बेचबिखनविरुद्धका प्रयास, आपत्कालीन प्रतिकार्य, पुनर्लाभ सहयोग तथा सामाजिक मुद्दाहरूमा पैरवीजस्ता क्षेत्रमा केन्द्रित रहेर कार्य गर्दै आएको छ ।

कार्यक्रमको पृष्ठभूमी

कारितास नेपालले चुलाचुली क्षेत्रमा भुटानी शरणार्थी तथा स्थानीय समुदायका बालबालिकाहरू अध्ययन गर्ने विद्यालयहरूमा शिक्षा परियोजना सञ्चालन गर्दै आएको छ ।

भुटानी शरणार्थी समुदायका धेरै व्यक्तिहरू तेस्रो मुलुकमा पुनर्वास भएपछि शरणार्थी शिविरमा बाँकी रहेका जनसंख्यामा निराशा, एक्लोपन, अनिश्चितता, तनाव तथा अन्य मनोसामाजिक समस्याहरू बढ्दै गएको अवस्था छ। यसको असर बालबालिकाको मानसिक तथा भावनात्मक स्वास्थ्य, विद्यालयप्रतिको रुचि, सिकाइ उपलब्धि र सामाजिक सम्बन्धमा समेत परेको हुन सक्छ। स्थानीय समुदायका बालबालिकाहरूमा पनि विभिन्न पारिवारिक, सामाजिक तथा व्यक्तिगत कारणले मनोसामाजिक सहयोगको आवश्यकता हुन सक्छ ।

यस अवस्थालाई मध्यनजर गर्दै भुटानी शरणार्थी तथा स्थानीय समुदायका विद्यालयमा अध्ययनरत बालबालिकाहरूको मनोसामाजिक स्वास्थ्य तथा भावनात्मक कल्याण प्रवर्द्धन गर्न स्वयंसेवी मनोसामाजिक परामर्शदाता परिचालन गर्न आवश्यक देखिएको छ ।

Caritas Nepal

Caritas Nepal

Growing Together in Solidarity

परियोजनाको नाम: भुटानी शरणर्थी तथा स्थानिय सामुदायका बालबालिकामा गुणस्तरीय शिक्षा तथा समग्र कल्याण अभिवृद्धि (Enhancing quality education and well-being for Bhutanese refugees and host community children)

कार्यस्थल: दमक नगरपालिका वडा नं. ३ अतर्गत चुलाचुली माध्यामीक विद्यालय तथा वरपरका अन्य विद्यालयहरू

पद: स्वयंसेवी मनोसामाजिक परामर्शदाता

अवयश्यक संख्या: १ जना

कार्यअवधि: ६ महिना

कार्यसंलग्नता: आंशिक समय (Part–time Volunteer)

सेवा आवृत्ति : हप्तामा दुई पटक

आवश्यक योग्यता तथा अनुभव (Required Qualifications and Experience)

- मनोविज्ञान, परामर्श मनोविज्ञान, सामाजिक कार्य वा सम्बन्धित अन्य विषयमा कम्तीमा +२ (+2 Completed) उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श, बाल संरक्षण, मानसिक स्वास्थ्य वा समुदायमा आधारित मनोसामाजिक सहयोगसम्बन्धी तालिमप्राप्तगरि **व्यावहारिक अनुभव भएको ।**
- बालबालिका, किशोरकिशोरी, जोखिममा रहेका समुदाय वा शरणार्थी समुदायसँग काम गरेको अनुभवलाई प्राथमिकता दिइनेछ ।
- बालबालिकासँग सहज रूपमा संवाद गर्न सक्ने तथा परामर्श र सहजीकरणसम्बन्धी सीप भएको ।
- गोपनीयता कायम गर्न सक्ने, संवेदनशील विषयलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न सक्ने तथा बालमैत्री व्यवहार भएको ।

स्वयंसेवी पदको कार्य विवरण (Job Description)

पदको कार्य विवरण (Job Description) हेर्न दिइएको लिङ्कमा क्लिक गर्नुहोस्:

https://drive.google.com/file/d/1S0eH-2f0GVNDhqfFrxhMeO8mRAZ9iUh0/view?usp=drivesdk

आवेदन दिने प्रक्रिया (How to Apply) :

आवेदकले अनिवार्य रूपमा Job Application Form भर्नुपर्नेछ । फाराम भर्न तल दिइएको लिङ्कमा क्लिक गर्नुहोस् ।

https://forms.cloud.microsoft/r/kjxNetwDjb

अनलाईन आवेदन दिन नसकेमा दमक स्थित कारितासको कार्यलयमा अवेदन दिन सकिने छ ।

Caritas Nepal

Growing Together in Solidarity

इमेलको विषय (Email Subject) अनिवार्य रूपमा Volunteer Psychosocial Support Counsellor राख्नुपर्नेछ । तोकिएको ढाँचाअनुसार विषय नराखिएका आवेदनहरू स्वीकार गरिने छैनन् ।

इच्छुक तथा तोकिएका योग्यता र मापदण्ड पूरा गरेका आवेदकहरूले आफ्नो आवेदनपत्र, सन्दर्भ व्यक्ति (Referee details) हरूको विवरणसहितको अद्यावधिक बायोडाटा (CV) र हालसालै खिचिएको पासपोर्ट साइजको फोटोसहितका आवश्यक कागजातहरू ***vacancy@caritas.org.np*** मा **३० नेभेम्बर २०२६, सोमबार साँझ ५:०० बजेसम्म** पठाइसक्नुपर्नेछ । तोकिएको समयसीमापछि प्राप्त भएका आवेदनहरू छनोट प्रक्रियामा समावेश गरिने छैनन्।

छनोट सूचीमा परेका उम्मेदवारहरूलाई मात्र छनौट प्रक्रियाको थप चरणका लागि जानकारी गराइनेछ ।

नोटः यो पद कार्यक्षेत्रस्थित कार्यालयमा आधारित हुनेछ र न्यूनतम भौतिक सुविधा तथा सीमित जीवनयापनका अवस्था भएका ग्रामीण क्षेत्रका गाउँहरूमा नियमित भ्रमण गर्नुपर्नेछ । ग्रामीण क्षेत्रमा यात्रा गर्न र त्यहाँका समुदायको सेवामा समर्पित भई कार्य गर्न इच्छुक उम्मेदवारहरूले मात्र आवेदन दिनुहुन अनुरोध गरिन्छ। कारितास नेपाल समान अवसर प्रदान गर्ने संस्था हो। महिला, सीमान्तकृत समुदाय तथा पछाडि पारिएका वर्गका व्यक्तिहरूलाई आवेदन दिन विशेष प्रोत्साहन गरिन्छ ।

कारितास नेपालले संस्थाका सिद्धान्त, रणनीति, नीति तथा कार्यविधिहरूअन्तर्गत बालबालिकाको संरक्षण तथा यौन शोषण र दुर्व्यवहारबाट संरक्षण (*Safeguarding, including Child Safeguarding and Protection from Sexual Exploitation and Abuse*) र सुरक्षा तथा संरक्षा (*Safety & Security*) सम्बन्धी प्रावधानहरूलाई प्रवर्द्धन तथा कार्यान्वयन गर्दछ । सबै आवेदकहरूले कारितास नेपालको सम्बन्धित नीति तथा कार्यविधिहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

कारितास नेपालले कुनै पनि समयमा यस रिक्त पदको विज्ञापन रद्द गर्ने अधिकार सुरक्षित राख्दछ ।

Caritas Nepal